# खुम्बु पासाङल्हामु गाउँपालिका

## कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।१६

चौरीखर्क कोशी प्रदेश ,सोलुखुम्बु ,
नेपाल
प्रमाणिकरण मितिः २०८१।०१।१६

# खुम्बु पासाङल्हामु गाउँपालिकाको कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको ऐन, २०८० मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, कोशी प्रदेश सरकारबाट स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी खुम्बु पासाङल्हामु गाउँपालिकाले यो कार्यविधि पारित गरी लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:-

(१) यस कार्यविधिको नाम "कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा:-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन " भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले सङ्घीय लोक सेवा तथा प्रदेश लोक सेवा आयोगबाट गाउँपालिकामा सिफारिस भई नियुक्ति भएका कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका र खुम्बु पासाङल्हामु गाउँपालिकाका सेवा भित्रका पदमा विभिन्न शाखा र निकायमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यपालिका" गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले खुम्बु पासाङलहामु गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनु पर्छ।

(च) "तह वृद्धि " भन्नाले यो कार्यविधी अनुसार भएको कर्मचारीको तह वृद्धिलाई सम्झनु पर्दछ।

(छ) "परामर्श" भन्नाले आवश्यकता अनुसार प्रदेश लोकसेवा आयोगबाट उपलब्ध गराइने परामर्शलाई सम्झनु पर्दछ।

(ज) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(झ) "प्रदेश किताबखाना" भन्नाले कर्मचारीहरूको अभिलेख व्यास्थापन गर्न कोशी प्रदेश अन्तरगत रहेको कार्यालयलाई सम्झनु पर्दछ।

(ञ) "मन्त्रालय" भन्नाले मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सम्झनु पर्छ।

(ट) "लोक सेवा आयोग" भन्नाले प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्छ ।

**३. सूचना प्रकाशन गर्ने:**

(१) गाउँपालिकाले सेवा अवधि पूरा भएका कर्मचारीलाई तह वृद्धि गर्न प्रत्येक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी तह वृद्धिको निर्णय गर्न प्रत्येक आर्थिक वर्षको जेठ १५ र मंसिर १५ मा वेभसाइट मार्फत सूचना प्रकाशन गर्नु पर्नेछ ।

**४. निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधि अनुसार तह वृद्धि हुन योग्य कर्मचारीहरूले देहायका कागजात सहित निवेदन पेश गर्नु पर्नेछ ।

(क) पछिल्लो तिन वर्षमा कार्य सम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) सेवा सुविधा पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

(घ) विभागिय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धीत कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा),

(च) ऐनको दफा २७ को उपदफा (४) तथा यस कार्यविधिको दफा (५) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरू ।

**५. सिफारिस समितिः-** तह वृद्धि गर्नका लागि आवश्यक अध्ययन गरी कामकाज गर्न देहाय अनुसारको सिफारिस समिति रहनेछ

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना वरिष्ठ कर्मचारी - सदस्य

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि -:**बढुवा हुनका लागि देहाय अनुसारको योग्यता र सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

| क्र. स. | हालको तह | बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|---|
| १ | चौथो | पाचौं | सहायक चौथो तहमा कम्तीमा तिन वर्ष सेवा अवधि पूरा गरेका | SLC वा सो सरह उत्तीर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

अनुसूची १

## तह वृद्धि हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
खुम्बु पासाङल्हामु गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
चौरीखर्क, सोलुखुम्बु ।

**विषय: बढुवा/तह वृद्धि/तह मिलानको निवेदन पेश गरेको ।**

तहाँ कार्यालयको मिति २०८०। प्रकाशित तह मिलान, बढुवा तथा तह वृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचनानुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. बढुवा/तह वृद्धि हुने कर्मचारीको नाम:

२. स्थायी ठेगाना

३. पद:

४. शुरु नियुक्ति मिति:

५. हालको पदमा बढुवा नियुक्ति मिति:

६. शैक्षिक योग्यता:

पेश गरिएका कागजातहरु

(क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

(ख) सङ्घीय लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(घ) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

अनुसूची २

नियुक्तिपत्रको ढाँचा

मिति:

विषय: बढुवा/तह वृद्धि/तह मिलान नियुक्ति।

श्री ............................ (कर्मचारी संकेत नं. ..........)
खुम्बु पासाङल्हामु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौंरीखर्क, सोलुखुम्बु ।

यस कार्यालयको मिति २०८०।....।...... को निर्णयानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ............को उपदफा ............. बमोजिम तपाईंलाई देहाय अनुसार बढुवा/तह वृद्धि गरिएको छ।

बढुवा/तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई राष्ट्र सेवामा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिईएको छ।

| हाल कार्यरत पदको विवरण | बढुवा/तह वृद्धि भएको पदको विवरण |
|---|---|
| १. सेवा: | १. सेवा: |
| २. समूह/उपसमूह: | २. समूह/उपसमूह: |
| ३. पद: | ३. पद: |
| ४. तह: | ४. तह: |
| | ५. ज्येष्ठता कायम हुने मितिः |

**बोधार्थः**

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर।
श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, विराटनगर।
श्री प्रदेश किताबखाना विराटनगर।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलुखुम्बु।

अनुसूची १

## तह वृद्धि हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
खुम्बु पासाङल्हामु गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
चौरीखर्क, सोलुखुम्बु ।

**विषय: बढुवा/तह वृद्धि/तह मिलानको निवेदन पेश गरेको ।**

तहाँ कार्यालयको मिति २०८०। प्रकाशित तह मिलान, बढुवा तथा तह वृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचनानुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. बढुवा/तह वृद्धि हुने कर्मचारीको नाम:

२. स्थायी ठेगाना

३. पद:

४. शुरु नियुक्ति मिति:

५. हालको पदमा बढुवा नियुक्ति मिति:

६. शैक्षिक योग्यता:

पेश गरिएका कागजातहरु

(क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

(ख) सङ्घीय लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(घ) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

अनुसूची २

नियुक्तिपत्रको ढाँचा

मिति:

विषयः बढुवा/तह वृद्धि/तह मिलान नियुक्ति।

श्री .......................... (कर्मचारी संकेत नं. ..........)

खुम्बु पासाङल्हामु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चौंरीखर्क, सोलुखुम्बु ।

यस कार्यालयको मिति २०८०।....।...... को निर्णयानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ............को उपदफा ............. बमोजिम तपाईंलाई देहाय अनुसार बढुवा/तह वृद्धि गरिएको छ।

बढुवा/तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई राष्ट्र सेवामा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिईएको छ ।

| हाल कार्यरत पदको विवरण | बढुवा/तह वृद्धि भएको पदको विवरण |
|---|---|
| १. सेवा: | १. सेवा: |
| २. समूह/उपसमूहः | २. समूह/उपसमूहः |
| ३. पद: | ३. पद: |
| ४. तहः | ४. तहः |
| | ५. ज्येष्ठता कायम हुने मितिः |

**बोधार्थः**

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर ।

श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, विराटनगर ।

श्री प्रदेश किताबखाना विराटनगर ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलुखुम्बु ।